नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# सडक बिभाग
(संभार महाशाखा)

E-mail: dormaintb@dor.gov.np
☎:(९७७-१) ५५२९०९६
फ्याक्स: (९७७-१) ५५३२०१५
बबरमहल, काठमाडौं ।
हाल:पाटनढोका, ललितपुर ।
नेपाल ।

अति जरुरी

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात सडक बिभाग संभार महाशाखा बबरमहल, काठमाडौं

पत्र संख्या : सं.८/२०७४/०७५
च.नं.:- 466

मितिः- २०७५/२/२३

श्री पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, दमक ।
श्री मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, बबरमहल ।
श्री पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, पोखरा ।
श्री मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय सुर्खेत ।
श्री सुदुरपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय, डोटी ।

बिषयः- आबश्यक कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा आज मिति २०७५ जेष्ठ २३ गते बुधवारका दिन गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, नागरिक दैनिक, नयाँपत्रिका दैनिक र अन्नपुर्ण दैनिकमा यस बिभागको सार्बजनिक सूचना प्रकाशित भएको छ । (*सो को फोटोकपी यसै साथ संलग्न छ*) उक्त सूचनाको ब्यहोरा अबगत गरी तंहा मातहतका निकायहरुबाट आ-आफ्नो क्षेत्र भित्र पर्ने सडकहरुमा अनुगमन गरी प्रकाशित सूचना अनुसारको कार्यान्वयन गर्नु/गराउनु भई अभिलेख राखी सो को जानकारी यस महाशाखामा पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

बोधार्थः-
श्रीमान् महानिर्देशकज्यू, सडक बिभाग, पाटनढोका ।

2/23
ई. राधिका प्रजापती श्रेष्ठ
ईन्जिनियर

*"सेवामैत्री प्रशासनः संघीयतामा सुशासन"*

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## सडक विभाग

## सार्वजनिक सूचना

सडक विभागबाट "सडक छेउमा पेट्रोल, डिजेल तथा एल.पि.जि.ग्याास फिलिङ्ग स्टेशन स्थापनाका लागि मापदण्ड-२०६२" (पहिलो संशोधन) वमोजिम सहमती प्राप्त गरी पम्प सञ्चालन गर्दै आएका र मापदण्ड-२०६२ लागु हुनु पूर्व स्थापना भएका पम्पहरुले पनि २ वर्ष भित्र मापदण्ड-२०६२ को सम्पूर्ण शर्तहरु पुरा गर्नु पर्ने भनि यस अगावै सार्वजनिक सूचना प्रकाशित भएकोमा कतिपय फिलिङ्ग स्टेशनबाट मापदण्डका शर्तहरु पालना नभएको भेटिएको हुँदा "मापदण्ड-२०६२" को सम्पूर्ण शर्तहरु फिलिङ्ग स्टेशनले पुरा गर्न र मापदण्डमा उल्लेख भए वमोजिम पम्प परिसर भित्रको पानीको निकाश व्यवस्थित गर्ने र कालोपत्रे वा कंक्रिट गर्ने कार्य यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शुरु गर्न सूचित गरिएको छ । अन्यथा मापदण्ड-२०६२ को "विषेशाधिकार" मा उल्लेखित बुँदा वमोजिम कार्यवाही हुनुका साथै नेपाल आयल निगम लि.मार्फत ईन्धन आपूर्ति बन्द गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सडक विभाग

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## सडक विभाग

## सार्वजनिक सूचना

सार्वजनिक सडक ऐन, २०३१ को दफा (१९) मा "स्वीकृत नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने" भनि उल्लेख भएको छ तापनि विभिन्न कार्यको लागि सडक खनेर छाडी दिने, आफु खुसी व्यक्तिगत वा सामुहिक प्रयोजनको लागि एक्सेस रोड खन्ने, सडक छेउ वा फुटपाथमा निर्माण सामग्री थुपार्ने, खुद्रा पसल राख्नेले पैदल यात्री एवं सवारी आवागमनमा बाँधा पुऱ्याउने, सडक सुरक्षामा असर पर्न गै दुर्घट्ना हुने, सडक छेउमा बालुवा प्रशोधन लगायत विभिन्न किसिमका खानीबाट निस्कने मालवाहक गाडीको कारणले सडकमा धुलो उडी वातावरण प्रदुषित भैरहेको, सडकमा चल्ने सवारी यातायात बाहेकका अन्य गतिविधीबाट क्षति भएका सडक मर्मत गर्न ठूलो धनराशी खर्च भई देशलाई बढी आर्थिक भार पर्न जाने सर्वविदितै छ । सडक/फुटपाथ छेउमा थुपारिएका निर्माण सामग्रीहरु सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र हटाई सडक संरक्षण एवं सुरक्षामा सहयोग पुऱ्याउनु हुन अनुरोध छ । आइन्दा एक्सेस रोड लगायतका कार्यहरु गर्नु पर्दा सडक विभाग वा अन्तर्गतका निकायहरुबाट अनुमति लिएर मात्र गर्नु/गराउनु होला । ऐनको अवज्ञा गरी त्यस्ता किसिमका गतिविधि गरेको पाईएमा सार्वजनिक सडक ऐन, २०३१ को दफा (२१) वमोजिम त्यस्ता सामग्री जफत गरी हटाउन लागेको खर्च सम्बन्धितबाट असुल उपर लगायत अन्य कार्यवाही गर्न सडक विभाग वाध्य हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

सडक विभाग

अन्नपूर्ण पोस्ट वर्गीकृत डिस्प्ले

विज्ञापनको लागि फोन नं.:

Email: marketing.3nl@...

नेपालकै पहिलो र लोकप्रिय वाइन

हिंवा HINWA

धितो नचाहिने 0% ब्याजदरमा

एलईडी/स्मार्ट-टिभी एयर कण्डिसनर

ल्यापटप/डेस्कटप कुलर/पंखा

फ्रिज/डिफ्रिज मोबाईल/प्रोजेक्टर

Opportunity to work in Germany.

German Language B1, B2 Can Apply.

Touchstone consultancy